# सिद्धिचरण नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## ओखलढुङ्गा

प.सं. २०८०/८१ कोशी प्रदेश ,नेपाल
च.नं. ४८२४

मितिः २०८१/०२/२२

श्री सामुदायिक विद्यालयहरु सबै,
श्री सरोकारवालाहरु सबै ,
सिद्धिचरण नगरपालिका, ओखलढुङ्गा ।

**विषय : करार/राहत शिक्षक तथा कर्मचारीको करार म्याद सम्बन्धमा ।**

प्रस्तुत विषयमा सिद्धिचरण नगरपालिका क्षेत्रभित्रका सामुदायिक विद्यालयमा करार/राहत शिक्षक तथा कर्मचारी (बालबिकास केन्द्रका सहयोगी कार्यकर्ता समेत) पदमा नियुक्ति भई कार्यरत शिक्षक/कर्मचारीको कार्यसम्पादनका आधारमा सम्बन्धित विद्यालय व्यवस्थापन समितिबाट शिक्षा नियमावली, २०५९ को नियम ९७ (८) तथा सिद्धिचरण नगरपालिकाको शिक्षा नियमावली, २०७५ को नियम ५६ (८) बमोजिमको करार म्याद थप भई आएपश्चात मात्र सामुदायिक विद्यालयका करार/राहत शिक्षक तथा कर्मचारी (बालबिकास केन्द्रका सहयोगी कार्यकर्ता समेत) को सेवा निरन्तरता रहने र उक्त म्याद थपको प्रमाणको आधारमा मात्र तलब भत्ता भुक्तानी गर्न सकिने बेहोरा नगर कार्यपालिकाको मिति २०८१/०१/२७ गतेको निर्णयानुसार नगर क्षेत्रका सम्पूर्ण सामुदायिक विद्यालय तथा सम्बन्धित सरोकारवालाहरुलाई जानकारी गराईन्छ ।

..................
निलकण्ठ विश्वकर्मा
प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थ :**
श्री वडा कार्यालयहरु सबै, सिद्धिचरण नगरपालिका ओखलढुङ्गा :
आवश्यक समन्वय र सहजीकरणका लागि अनुरोध छ ।
श्री विद्यालय व्यवस्थापन समिति सबै, सम्पूर्ण सामुदायिक विद्यालयहरु,
सिद्धिचरण नगरपालिका, ओखलढुङ्गा ।